प्र०१८
१५०

नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ३] काठमाडौं कार्तिक १० गते २०१० साल [संख्या ११

बखत बखतमा प्रकाश हुने गजेटमा छापिने विषयहरू देहायका क्रमले रहनेछन्। तर यसमा हप्ता हप्तामा जुन जुन विषय प्रकाशित हुने ठहर्दछन्, तिनै तिनै विषयहरू छापिनेछन्।

भाग १ (क) सरकारी घोषणा, इश्तिहार इत्यादि।
(ख) खारेजी र नयाँ ऐन, सार्वभौम सवाल, सनद् इत्यादि।
(ग) सरकारद्वारा नियोजित कुनै कमेटी वा कमिशनको रिपोट इत्यादि।
(घ) नयाँ भर्ना सरुवा, बढुवा इत्यादि।
(ङ) कायममुकायम तैनाथी इत्यादि।
(च) कानूनमन्त्रालय, न्यायालयको विज्ञप्ति इत्यादि।
(छ) जेल पुलीस आदिको विज्ञप्ति इत्यादि।
(ज) साधारण सूचना, उर्दी इत्यादि।
(झ) जन्म मरणको संख्या।
(ञ) हल्लाको खण्डन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि म
906

(ढ) अफिसरहरूको विदा ।

(ठ) श्री ५ र मन्त्रीहरूको यात्रा, शुभेच्छामण्डल आदिको कार्यक्रम ।

(ड) पब्लिक सर्भिसकमिशनको सूचना ।

(ढ) इलेक्शनकमिशनको सूचना ।

भाग २ (क) अर्थविभागसम्बन्धी विज्ञप्ति ।

(ख) सरकारी ब्याङ्क, मुलुकीखाना, कौशी आदिको प्रकाशित, प्रचलित मुद्रा, नोट र तत्सम्बन्धी सूचनासमेत ।

भाग ३ (क) उद्योग वाणिज्य र खाद्यसम्बन्धी सरकारी विज्ञापन इत्यादि ।

(ख) नियन्त्रित बजारभाउ, मुद्राविनिमय इत्यादि ।

भाग ४ (क) कृषि, भूमिसुधारसम्बन्धी सूचना इत्यादि ।

(ख) याम, हावा, पानी र बाली नालीको सूचना इत्यादि ।

भाग ५ (क) शिक्षासम्बन्धी सूचना ।

(ख) शिक्षाविभागको परीक्षाफल ।

भाग ६ (क) स्वायत्त शासनसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

(ख) नगरपञ्चायत

(ग) ग्रामपञ्चायत ।

भाग ७ (क) स्वास्थ्यसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

(ख) रोगग्रस्त भई मर्नेको संख्या ।

भाग ८ वनविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

भाग ९ प्रधान मन्त्रालय राज्यव्यवस्था र परराष्ट्रविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

भाग १० रक्षाविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

भाग ११ पब्लिकवर्क्स तथा सञ्चारसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

भाग १२ संसद्—सम्बन्धी सूचना, विज्ञप्ति इत्यादि ।

भाग १३ विकाश तथा योजनासंबन्धी विज्ञप्ति, सूचना इत्यादि ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

भाग २
अर्थमन्त्रालयको सूचना

निजामती कर्मचारीहरूको पेन्सन विषयमा भइरहेको साबिक सवालमा यो यो दर्जालाई यति यति दिनु भन्ने दर्ज्यानी र अङ्क किटिएको र कालीदल छ्यासका-मिनी पल्टनको सुबेदारदेखि मुनि र भैरुङ, दुर्गाबक्स, शालदुरजङ, रणशालदुरजङ तथा समरजङसमेत कम्पनीको अफिसरलगायत र कामदार, भंडारे, तहबीलदार, हुद्दा, कालिगढ, बानादार र पीपाहरूले र मोफसलका जागीरदारहरूमा सद-रमा १० वर्षमा नघटाई नाकरी नगरेकाले नपाउने समेत भैरहेकोमा ०१० साल आश्विन १३ गतेको मन्त्रिमण्डलको निर्णयले पार्ट टायम र काम परेका बखत मात्र हाजिर भै काम गर्नेहरू र मन्त्री परामर्शदाताहरूलाई सरकारी कर्मचारी मान्न नहुने हुनाले निजहरूबाहेक सरकारी तलब खाई सरकारी अड्डाखानामा वा तोकिएका ठाउँमा हाजिर भै काम गर्ने मध्येश, पहाड तथा सदरका साना ठुला नयाँ पुराना दर्ज्यानीसमेतमा बात लागी खोसिएका बाहेक अरू परिबन्दले खोसिए छाडेका र उमेर पुगी रिटायर्ड भएका तथा गैर खालि भएका अफिसर कामदार कारिन्दा सिपाही टहलुवासमेत नोकरीदार मात्रले पेन्सन विषयमा भैरहेका साबिक सनद सवाल र (०६।६।२१ गते र ०६।११।२६ गते) प्रकाश भएका गजेटबमोजिम पेन्सन पाउने र पेन्सन अङ्क कायम गर्नालाई रिटायर्ड भएका मिति अगाडि ३ वर्षको खान्गी जोडी त्यसलाई ३ ले भाग गरी त्यसको त्रिखण्ड अङ्क कायम गर्ने, सो जोड्दा महगी भत्ता र अरू कुनै भत्ता नजोड्ने, विशेष तलबको हकमा पनि हाल नजोड्ने पछि ठहरेबमोजिम हुने भएको हुनाले सूचित गरिएको छ ।

आज्ञाले:—

चूडानन्द

का. मु. सेक्रेटरी— अर्थमन्त्रालय.

धिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि